नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**१. झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी ११ वटै फर्महरुको बैक खाता संचालक सर्लाही जिल्ला बलरा नगरपालिका वडा नं. ०७ वस्ने सुवोध साह मुख्य अभियुक्त १० जना तथा मतियार ३ जना समेतबाट रु. ९१,३०,५६,५११।- (अक्षरुपी एकानब्बे करोड तीस लाख छपन्न हजार पाँच सय एघार रुपैंया मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७७।११।०४ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

**एस.वि.के. इन्टरनेशनल (स्थायी लेखा नम्बर ६०३८३१५११), डाइनामिक ईन्टरनेश्नल ट्रेड प्रा.लि. (स्थायी लेखा नम्बर ६०५९१८२१६), एन.एस.एक्टिभ ईन्टरनेश्नल प्रा.लि. (स्थायी लेखा नम्बर ६०५९१८२०३), क्राउन इन्टरनेशनल सप्लायर्स प्रा.लि. (स्थायी लेखा नम्बर ६०६९००७५९), मनरेगा सप्लायर्स (स्थायी लेखा नम्बर ६०१७५४०४१), यूनियन इम्पेक्स (स्थायी लेखा नम्बर ६००६००६०४), मेगा राईज ईन्टरनेश्नल ट्रेड प्रा.लि.(स्थायी लेखा नम्बर ६०५९२०५७२), सन साईन प्रोलिंक ट्रेड प्रा.लि.(स्थायी लेखा नम्बर ६०५९२०५८५), सि.बि.एस.ईन्टरनेशनल सप्लायर्स प्रा.लि.(स्थायी लेखा नम्बर ६०५९२८१२९), टिटानियम सप्लायर्स प्रा.लि.(स्थायी लेखा नम्बर ६०५९२८१३२), रेन्बो एक्टिभ सप्लायर्स प्रा.लि.(स्थायी लेखा नम्बर ६०५९२१८९०)को** संचालक तथा झुट्टा तथा नक्कली विजकका मुख्य कारोवारी, सवै फर्महरुका बैक खाता संचालक प्रतिवादी **सुवोध साह** समेतले कर विजकको कारोवार गर्ने प्रतिवादीहरु सुरेन्द्र सहनी, सरोज कुमार मिश्र, कलिम अंसारी, अवधेश पटेल, सुमन कुमार महतो, राजेश्वर महतो, ईदा खातुन, हरिन्द्र राम र मोतीलाल सहनी समेतको मिलेमतोमा देहायका फर्महरु खडा गरि वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी देहाय बमोजिम राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **विगो रु. ९१,३०,५६,५११।- (अक्षरुपी एकानब्बे करोड तीस लाख छपन्न हजार पाँच सय एघार रुपैंया मात्र)** कायम गरी प्राप्त सवै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले तपसिलमा उल्लेखित फर्महरुको प्रोप्राइटर तथा संचालकहरुलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६)को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **९१,३०,५६,५११।-** असुल उपर गरी जरिवाना र कैद

सजाय हुन र लेखापरक्षिण कार्यमा कागजातहरू तयार गरी झुठ्ठा तथा नक्कली कर विजकको कारोवार एवं लेखा परीक्षण प्रतिवेदन तयार तथा लेखा परिक्षण गरी कर छलीमा सहयोग गर्ने लेखा परीक्षकहरु कृष्ण प्रसाद  घिमिरे, दीपक निरौला र दीपक कुमार कोइरालालाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को साविक दफा २३(२) एवं हाल संशोधित दफा २३(३) बमोजिम मुख्य प्रतिवादीहरुलाई हुने सजायको आधा सजाय हुन मागदावी लिई मिति २०७७।११।०४ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

## सवै  फर्महरुको बैक खाता संचालक सुवोध साहको हकमा

| संलग्न फर्म/कम्पनी | बिगो | | | जम्मा बिगो रु. |
|---|---|---|---|---|
| | मू.अ.कर | आयकर | लाभांसकर | |
| एस.वि.के. इन्टरनेशनल | ४२०५९५४५.१६ | ६९६२६२०१.३९ | ०.०० | १११६८५७४६.५५ |
| डाइनामिक ईन्टरनेश्नल ट्रेड प्रा.लि. | १४३६७५५३.२५ | २४५५८१४३.६७ | ३५६०४७४.३६ | ४२४८६१७१.२८ |
| सन साइन प्रोलिंक ट्रेड प्रा.लि. | २०६२१४१२.२८ | ३६१५०३९२.४३ | ५२४११३४.९६ | ६२०१२९३९.६७ |
| मेगा राईज इन्टरनेशनल ट्रेड प्रा.लि. | २७१६८११६.०६ | ४६९३८५४३.११ | ६८०५२१६.२९ | ८०९११८७५.४६ |
| सि.बि.एस.ईन्टरनेशनल सप्लायर्स प्रा.लि. | ३११५६५६२.८१ | ५२७७५०९८.३० | ७८८४४४०.७२ | ९१८१६१०१.८३ |
| टिटानियम सप्लायर्स प्रा.लि. | ३२८४४७६९.२६ | ५६६९३८२१.८० | ८२१९५५०.३७ | ९७७५८१४१.४४ |
| एन.एस.एक्टिभ ईन्टरनेशनल प्रा.लि. | २९५४१०७६.१३ | ५०६२३२३२.२३ | ७३३९४२७.७२ | ८७५०३७३६.०८ |
| क्राउन इन्टरनेशनल सप्लायर्स प्रा.लि. | २४७५४७९१.०२ | ४३१३२५८०.५५ | ६२५३४२२.४६ | ७४१४०७९४.०४ |
| मनरेगा सप्लायर्स | ८३०४७८९.४५ | १३२४८९५४.८० | ०.०० | २१५५३७४४.२६ |
| यूनियन इम्पेक्स | ७२६९५१२१.९१ | ११४१८२०६६.१२ | ०.०० | १८६८७७१८८.०३ |
| रेन्बो एक्टिभ सप्लायर्स प्रा.लि. | १९४९१९२५.४५ | ३१८७४२९५.४३ | ४९४३८५१.१० | ५६३१००७१.९८ |
| विगो रकम रु. | **३२३००५६६२.८०** | **५३९८०३३२९.८२** | **५०२४७५१७.९८** | **९१३०५६५१०.६०** |

### <u>मुख्य अभियुक्तहरुको</u>

| सि.नं. | प्रतिवादीको नाम | संलग्न फर्म/कम्पनी | बिगो | | | जम्मा बिगो रु. |
|---|---|---|---|---|---|---|
| | | | मू.अ.कर | आयकर | लाभांसकर | |
| १ | सुरेन्द्र सहनी | एस.वि.के. इन्टरनेशनल | ४२०५९५४५.१६ | ६९६२६२०१.३९ | ०.०० | **१११६८५७४६.५५** |
| २ | सरोज कुमार मिश्र | एस.वि.के. इन्टरनेशनल | ४२०५९५४५.१६ | ६९६२६२०१.३९ | ०.०० | **१११६८५७४६.५५** |
| ३ | कलिम अंसारी | सि.बि.एस.ईन्टरनेशनल सप्लायर्स प्रा.लि. | ३११५६५६२.८१ | ५२७७५०९८.३० | ७८८४४४०.७२ | ९१८१६१०१.८३ |
| | | टिटानियम सप्लायर्स प्रा.लि. | ३२८४४७६९.२६ | ५६६९३८२१.८० | ८२१९५५०.३७ | ९७७५८१४१.४४ |
| | विगो रकम रु. | | ६४००१३३२.०७ | १०९४६८९२०.१० | १६१०३९९१.०९ | **१८९५७४२४३.२७** |
| ४ | अवधेश पट्टेल | डाइनामिक ईन्टरनेश्नल ट्रेड प्रा.लि. | १४३६७५५३.२५ | २४५५८१४३.६७ | ३५६०४७४.३६ | ४२४८६१७१.२८ |
| | | एन.एस.एक्टिभ ईन्टरनेशनल प्रा.लि. | २९५४१०७६.१३ | ५०६२३२३२.२३ | ७३३९४२७.७२ | ८७५०३७३६.०८ |
| | विगो रकम रु. | | ४३९०८६२९.३८ | ७५१८१३७५.८९ | १०८९९९०२.०८ | **१२९९८९९०७.३६** |
| ५ | सुमन कुमार | क्राउन इन्टरनेशनल सप्लायर्स प्रा.लि. | २४७५४७९१.०२ | ४३१३२५८०.५५ | ६२५३४२२.४६ | **७४१४०७९४.०४** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | महतो | | | | | |
| ६ | राजेश्वर महतो | मनरेगा सप्लायर्स | ८३०४७८९.४५ | १३२४८९५४.८० | 0.00 | **२१५५३७४४.२६** |
| ७ | ईदा खातुन | यूनियन इम्पेक्स | ७२६९५१२१.९१ | ११४१८२०६६.१२ | 0.00 | **१८६८७७१८८.०३** |
| ८ | हरिन्द्र राम | सन साइन प्रोलिंक ट्रेड प्रा.लि. | २०६२१४१२.२८ | ३६१५०३९२.४३ | ५२४११३४.९६ | ६२०१२९३९.६७ |
| | | मेगा राईज इन्टरनेशनल ट्रेड प्रा.लि. | २७१६८११६.०६ | ४६९३८५४३.११ | ६८०५२१६.२९ | ८०९११८७५.४६ |
| | विगो रकम रु. | | ४७७८९५२८.३४ | ८३०८८९३५.५४ | १२०४६३५१.२५ | **१४२९२४८१५.१३** |
| ९ | मोतीलाल सहनी | रेन्बो एक्टिभ सप्लायर्स प्रा.लि. | १९४९१९२५.४५ | ३१८७४२९५.४३ | ४९४३८५१.१० | **५६३१००७१.९८** |

## मतियारहरू (लेखा परीक्षकहरु):

| सि.नं. | प्रतिवादीको नाम | संलग्न फर्म/कम्पनी | बिगो | | | जम्मा बिगो रु. |
|---|---|---|---|---|---|---|
| | | | मूल्य अभिवृद्धि कर | आयकर | लाभांश  कर | |
| १ | कृष्ण प्रसाद घिमिरे | रेन्बो एक्टिभ सप्लायर्स प्रा.लि. | १६३६५११३.४५ | २८५३८३७७.८७ | ४४१०३३८.८ | ४९३१३८३०.१२ |
| २ | दिपक निरौला | मनरेगा सप्लायर्स | ७०८०२२१.७० | ११३०७६७०.५५ | 0.00 | १८३८७८९२.२४ |
| ३ | दिपक कुमार कोइराला, | डाइनामिक ईन्टरनेश्नल ट्रेड प्रा.लि. | १४३६७५५३.२५ | २४५५८१४३.६७ | ३५६०४७४.३६ | ४२४८६१७१.२८ |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**